# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं माघ २९ गते २०११ साल [ अतिरिक्ताङ्क

## भाग १

## राजकीय परिषद्को सूचना

नारायणहिटी दरबारबाट जारी भएको

नं. ९९७।सी–१।५५. मिति २०११–१०–२९.

सर्वश्री टङ्कप्रसाद आचार्य तथा भद्रकाली मिश्र दुवै मन्त्रीहरूसित मिल्न नसकिने गरी मतभेद पैदा भएकोले वहाँहरू मन्त्रिमण्डलमा रही रहुञ्जेल सरकारको काम सुचारुरूपले नचल्ने सम्झी माननीय प्रधान मन्त्रीले वहाँहरू दुवैलाई मन्त्री पदबाट तथा मन्त्रिमण्डलको सदस्यबाट खारेज गर्नालाई श्री राजकीय परिषदमा जाहेर गरेकोमा सर्वश्री आचार्य तथा मिश्रलाई नेपालको मन्त्रिमण्डलको सदस्यताबाट झिक्नुब हेक हुने अर्को उपाय नभएकोले देशको र परिस्थितिको ख्याललाई ध्यानमा राखी नेपाल सरकार श्री राजकीय परिषद् ऐन २०११ को दफा ६ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपदफा २ को "ख" मुताबिक श्री राजकीय परिषद्‌बाट सर्वश्री आचार्य तथा मिश्रलाई मन्त्रिमण्डलको सदस्यताबाट र मन्त्रिपदको हैसियतले गर्ने कार्यभारबाट तुरुन्तै मुक्त गरिएको छ।

आज्ञाले—
हंसमानसिंह,
सेक्रटरी—राजकीय परिषद्.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।